आज मिति २०८१/७/२६ गतेको दिन यस लिम्चुङबुङ गाउँपालिकाको अध्यक्ष श्री मेजर कुमार राईज्यूको अध्यक्षतामा तपसिलको उपस्थितमा वैठक बसी उल्लेखित प्रस्तावहरु माथि छलफल गरी आवश्यक निर्णय गरियो ।

**उपस्थितिहरुः**

| सि.नं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मेजर कुमार राई | अध्यक्ष | |
| २ | श्री पुष्पलाल राई | उपाध्यक्ष | |
| ३ | श्री जनदिप थापा मगर | १ नं वडा अध्यक्ष | |
| ४ | श्री जितेन्द्र राई | २ नं वडा अध्यक्ष | |
| ५ | श्री गुरुमणी कुमाई | ३ नं वडा अध्यक्ष | |
| ६ | श्री छत्र बहादुर राई | ४ नं वडा अध्यक्ष | |
| ७ | श्री कविचन्द्र राई | ५ नं वडा अध्यक्ष | |
| ८ | श्री अन्जु राई | कार्यपालिका सदस्य | |
| ९ | श्री जमुना कुमारी कार्की | कार्यपालिका सदस्य | |
| १० | श्री पृथी रसाईली | कार्यपालिका सदस्य | |
| ११ | श्री जयराम राई | कार्यपालिका सदस्य | |
| १२ | श्री दुतमाया मगर | कार्यपालिका सदस्य | |
| १३ | श्री गणेश राई | कार्यपालिका सदस्य | |
| १४ | श्री तारा किरण राई | नि.प्रमुख प्रशासकीय अधिकृत | |

लिम्चुङबुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाराहा, उदयपुर, नेपाल

निमित्त प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ को उपदफा (२) को (ज) बमोजिम प्रमाणित गरिएको

प्रस्तावहरुः

१. आ.व. ०८०/०८१ को बजेट कार्यान्वयनको वार्षिक समिक्षा सम्बन्धमा ।

२. विविध सम्बन्धमा ।

**निर्णयहरुः**

निर्णय नं १, प्रस्ताव नं. १ माथि छलफल गर्दा यस लिम्चुङबुङ गाउँपालिकाका विभिन्न शाखाहबाट सम्पादन भएका आ.व. ०८०/०८१ मा विनियोजित बजेट तथा कार्यक्रमको बार्षिक प्रगति विवरण तथा प्रतिवेदनमाथि छलफल गरी समीक्षा गरियो ।

## १.गाउँपालिकाको परिचय

नेपालको कोशी प्रदेशको, उदयपुर जिल्लाको उत्तर- पश्चिम दिशामा लिम्चुङबुङ गाउँपालिका अवस्थिति रहेको छ । नेपालको संविधानले राज्यको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने व्यवस्था अनुरुप स्थानिय तह पुनर्संरचना प्राविधिक समितिबाट **गाउँपालिका, नगरपालिका , विशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगलाई** प्रस्ताव गरे बमोजिम साबिकका पाँच गाँउ विकास समितिहरु बाँस्बोटे, ताम्लिछा, बाराहा, बलम्ता र जाँतेलाई समेटेर सुनकोसी गाउँपालिका नामकरण गरिएको थियो ।

लगभग बीस वर्ष लामो अन्तराल पछी सम्पन्न भएको स्थानीय तहको निर्वाचन पश्चात गठीत स्थानीय सरकारबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४ बमोजिम गाउँपालिकाको नाम सुनकोसी परिवर्तन गरी लिम्चुङबुङ गाउँपालिका कायम गरिएको छ । **लिम्चुङबुङ** शब्द स्थानीय किराँती समुदाय अन्तर्गतको चाम्लिङ राई भाषाबाट लिएको हो । जसको अर्थ हुन्छ **"शिखरमा फुल्ने सुगन्धित फुल"** ।



निमित प्रमुख प्रशासकीय अधिकृत
स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ को उपदफा (२) को (ज) बमोजिम प्रमाणित गरिएको

यस शब्दले पहाडी भेगमा प्रचलित औषधीय गुणले युक्त फुल सुनतारीलाई जनाउछ । यस लिम्चुङबुङ गाउँपालिकाको पहिलो पालिका अध्यक्ष श्री मेजर कुमाई राई तथा पालिका उपाध्यक्ष श्री रमिला राई हुनुहुन्थियो भने मिति २०७९/०१/३० गते सम्पन्न दोस्रो स्थानीय तहको निर्वाचनबाट श्री मेजर कुमार राई पुनः दोस्रो कार्यकालको लागि निर्वाचित हुनु भएको छ । यसै गरि दोस्रो पालिका उपाध्यक्षको रुपमा श्री पुष्पलाल राई निर्वाचित हुनु भएको छ ।

यस गाउँपालिकाको केन्द्र वडा नं ३, बाराहामा अबस्थित रहेको छ। यस गाउँपालिकामा कुल क्षेत्रफल १०६.८ वर्ग किलोमिटर रहेको छ, जसमा वडा नं १ बाँसबोटेको १३.६२ वर्ग कि.मी., वडा नं २ ताम्लिछाको १६.९३, वडा नं ३, बाराहाको २८.८८ वर्ग कि.मी., वडा नं ४ बलम्ताको २४.५५ वर्ग कि.मी. र वडा नं ५ जाँतेको २४.७९ छन । राष्ट्रिय जनगणना २०७८ अनुसार लिम्चुङबुङ गाउँपालिकाकको कुल जनसंख्या ९७८९ रहेको छ ।

## २.बजेट सम्बन्धी विवरण

चालु तर्फ

| क्र.स. | आ.व. | कुल चालु बजेट | चालु खर्च | बित्तीय तथा भौतिक प्रगति प्रतिशत प्रतिशत |
|---|---|---|---|---|
| १ | २०७८/७९ | २४,३५,०६,३३७ | १९,५१,९१,२६६ | ८०.१५ |
| २ | २०७९/८० | २२,०३,५९,८४० | १९,१३,५२,१७४ | ८६.८३ |
| ३ | २०८०/८१ | ३३,३५,२९,७८५ | २९,६९,२१,०२५ | ८९.०२ |

पुजीगततर्फ

| क्र.स. | आ.व. | कुल पुजीगत बजेट | पुजीगत खर्च | बित्तीय तथा भौतिक प्रगति प्रतिशत प्रतिशत |
|---|---|---|---|---|
| १ | २०७८/७९ | २०,६३,८०,६२३ | १६,४८,०९,५८६ | ७९.८५ |
| २ | २०७९/८० | १६,१५,९३,६०० | ११,८८,९६,२५८ | ७३.५७ |
| ३ | २०८०/८१ | ८,८९,०३,७८५ | ८,१८,७९,४३१ | ९२.०९ |

## ३.समस्या तथा चुनौतिहरु

- कच्ची तथा धुले सडकका कारण बाह्रैमास यातायात संचालन हुन नसक्नु
- सदरमुकाम टाढा भएकाले ढुवानी लगायत कठिनाईहरु
- विधुत पानीको समस्या
- बाढीपहिरोको जोखिम
- जनचेतनाको कमी
- तीव्र बसाईसराई
- शिक्षा स्वास्थ्यमा समस्याहरु
- दक्ष र अनुभवी जनशक्तिको अभाव
- तीव्र र निरन्तर रुपमा चल्ने इन्टरनेटको अभाव
- राजस्वको न्यून श्रोत/राजस्व परिचालनका क्षेत्रहरु पर्याप्त क्षेत्र नभएको
- खरिद ऐन अनुसार उपभोक्ता समितिबाट कार्य गर्न कठिनाई
- ठेक्का प्रकृयामा कठिनाई
- कानुनका कर्मचारी नहुँदा कानुन निर्माण संशोधनमा कठिनाई
- पर्याप्त बजेटको अभाव

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ को उपदफा (२) को (ज) बमोजिम प्रमाणित गरिएको

## ४.समस्याहरु समाधानका लागि गरिएका प्रयासहरु

गाउँपालिकाको कार्यालय
लिम्चुङबुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाराहा, उदयपुर, नेपाल

निमित्त प्रमुख प्रशासकीय अधिकृत
स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ को उपदफा (२) को (ज) बमोजिम प्रमाणित गरिएको

- धुले सडकहरुलाई ग्राभेलिङ गर्न थालिको
- पर्यटन पूर्वाधारमा विशेष जोड
- उत्पादन र उत्पादकत्व अभिबृद्धिको लागि क्लष्टरवाईज कार्यक्रमहरु तय गरिएको
- शिक्षा र स्वास्थ्य विकास पहुँचमा विशेष जोड
- सुनकोशी नदीमाथि पुल निर्माणको लागि संघीय सरकार मार्फत ठेक्मा आह्वान

**५.विषयगत शाखाहरु:** पञ्जिकरण शाखा, महिला तथा बालबालिका शाखा, उद्यम विकास शाखा, शिक्षा शाखा, स्वास्थ्य शाखा, न्यायिक समिति लगायत विभिन्न शाखाहरु र सम्पूर्ण वडाहरुको बार्षिक प्रगति तथा प्रतिवेदन पेश भयो । र सो प्रगति प्रतिवेदन माथि छलफल तथा समीक्षा गरियो ।

## ६. भौतिक तथा अन्य प्रगति प्रतिवेदनको संक्षेपीकरण


| सि.नं. | विवरण | इकाई | भौतिक प्रगति | कैफियत |
|---|---|---|---|---|
| १ | कच्ची सडक (नयाँ सडक) | मिटर | ५४२७ | |
| २ | ग्राभेल सडक | मिटर | ३२० | |
| ३ | पि.सि.सि.सडक ढलान | मिटर | ० | |
| ४ | आर.सि.सि.सडक ढलान | मिटर | ० | |
| ५ | सडक सोलिङ्ग | मिटर | २३४८.५ | |
| ६ | बाउण्ड्री वाल निर्माण | मिटर | ० | |
| ७ | स्वास्थ्य चौकि भवन | ओटा | १ | बहु बर्षे योजना |
| | | | | |
| ९ | मन्दिर गुम्वा आदि | ओटा | २ | देवीथान |
| १० | सामुदायीक भवन निर्माण कार्य | ओटा | १ | वडा नं.३ मा |
| ११ | सिंचाई बोरिङ्ग आदी | ओटा | २ | साना सिंचाई र गा.पा.साझेदारी |
| १२ | सडक बत्ती जडान | ओटा | | |
| १३ | ट्यूववेल ईनार आदी | ओटा | | |
| १४ | चौतारो प्रतिक्षालय आदी | ओटा | | |
| १५ | अन्य | ओटा | | |
| १६ | ब्याडमिन्टन कबर्ड हल | ओटा | १ | सम्पन्न |
| १७ | ८ कोठे विद्यालय भवन | ओटा | १ | बहु बर्षे योजना |
| १८ | खानेपानी योजना | ओटा | ५ | प्रदेश खानेपानीको सहयोगमा |

| सि.नं. | विवरण | इकाई | भौतिक प्रगति | कैफियत |
|---|---|---|---|---|
| १ | योजना संख्या | ओटा | २८ | |
| २ | सम्झौता भएका | ओटा | २८ | |
| ३ | भुक्तानी बाँकी | ओटा | ३ | |
| ४ | काम सम्पन्न | ओटा | २३ | |
| ५ | क्रमागत | ओटा | ३ | |
| ६ | उपभोक्ता समितिबाट | ओटा | २२ | |
| ७ | ठेक्काबाट | ओटा | ४ | |
| ८ | अन्य विधिबाट (कोटेसनबाट) | ओटा | २ | |
| ९ | ५ लाख भन्दा मुनिको योजना संख्या | ओटा | १८ | |
| १० | ५ लाख देखि २० लाख सम्मको योजना संख्या | ओटा | ६ | |
| ११ | २० लाख भन्दा बढीको योजना संख्या | ओटा | ४ | |

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ को उपदफा (२) को (ज) बमोजिम प्रमाणित गरिएको

## ७.योजना तथा कार्यक्रमहरुको केही झलक






लिम्चुङबुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाराहा, उदयपुर, नेपाल








लिम्चुङबुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाराहा, उदयपुर, नेपाल





...प्रमुख प्र...कीय अधिकृत
...यानीय सरकार सञ्चालन ऐन २०७४
को दफा ८४ को उपदफा (२) को
(ञ) बमोजिम प्रमाणित गरिएको